# श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्षको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : गोलबजार न.पा. ७ चोहर्वा (सिराहा) फोन नं. ०३३-४०१०८४, ४०११३३
Email : info@shrijanshil.com.np, Website : www.shrijanshil.org

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धि सूचना
**(दोश्रो पटक प्रकाशित मिति : २०७७/०९/१६)**

श्री आदरणीय शेयरधनी महानुभाव ज्यूहरु
यस श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.को मिति २०७७/०९/०८ गते बसेको सञ्चालक समितिको ५७ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको दोश्रो वार्षिक साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>साधारण सभा हुने मिति, समय र स्थान :</u>**

सभा हुने मिति : २०७७ साल पौष २९ गते बुधवार
सभा हुने स्थान : संस्थाको केन्द्रीय कार्यालय, गोलबजार न.पा. ७, चोहर्वा (सिराहा)
सभा हुने समय : विहान ११ : ०० बजे

**छलफलका विषयहरु :**

**साधारण वा सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ असार मसान्त सम्मको वासलात, आ.व. ०७६/०७७ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण एवम सो सँग सम्बन्धित अनुसुचीहरु पारित गर्ने सम्बन्धमा ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार वित्तीय संस्थाको आ.व. ०७७/०७८ को लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. वित्तीय संस्थाको साधारण शेयरको प्राथमिक सार्वजनिक (IPO) निस्काशन गर्ने सम्बन्धमा ।
५. विविध,

**विषेश प्रस्तावहरु :**

१. वित्तीय संस्थाको जारी पूँजी बृद्धि गर्ने सम्बन्धमा ।
२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख), (घ), (ङ), (च), (छ) र दफा ८ को (ङ) संशोधन गर्ने सम्बन्धमा ।
३. वित्तीय संस्थाको नियमावलीको दफा २७ (२) संशोधन गर्ने सम्बन्धमा ।
४. नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य नियमनकारी निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।
५. कुनै पनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न, परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्न र निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरु सँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
६. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धि थप अन्य जानकारी :**

१. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण शेयरधनी महानुभावहरुले आ-आफ्नो परिचय खुल्ने कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ । सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरु लगायत अन्य सबैले नेपाल सरकार तथा स्थानीय निकायले कोभिड १९ को कारण जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डको पालना गर्ने गराउने गरि उपस्थितिको लागि अनुरोध गरिएको छ ।
२. हाजिरी पुस्तिका विहान ९:०० बजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ । तथापि कोरोना भाईरस (कोभिड १९) को संक्रमणको जोखिमका कारणले आवतजावतमा कठिनाई भई उपस्थित हुन असमर्थ सञ्चालक तथा शेयरधनी महानुभावहरुलाई अनलाईन (भर्चुअल) माध्यमबाट समेत सभामा भाग लिने व्यवस्था मिलाईनेछ । अनलाईन (भर्चुअल) माध्यमबाट हुने उपस्थितिलाई समेत सभाहलमा उपस्थित भए सरह मान्यता प्रदान गरिनेछ ।
३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धि निवेदन साधारण सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै विहान ९:०० बजे भित्र यस संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७ सिराहामा दर्ता गराई सक्नु पर्नेछ । शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि नियुक्त गर्न पाईने छैन । प्रोक्सि फारम संस्थाको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ ।
४. साधारण सभा सम्बन्धि जानकारी वित्तीय संस्थाको वेवसाइट www.shrijanshil.org बाट लिन सकिनेछ । अन्य थप जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय गोलबजार ७, सिराहामा सम्पर्क राख्न हुन अनुरोध गर्दछौं ।
५. साधारण सभा सम्बन्धि काम कारवाही कम्पनी ऐन, २०६३, नियमावली तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।